# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, साउन १९ गते २०४५ साल (पूर्वातिरिक्ताङ्क २३ (क)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटीको रजत जयन्तीको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलको रू. २५०।– मूल्यको चाँदीको सिक्का टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

अग्रभाग:– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४५ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठभाग:– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपाल रेडक्रस सोसाइटी NEPAL RED CROSS SOCIETY तल अर्ध गोलाकार रूपमा SILVER JUBILEE रजत जयन्ती, बीचमा रेडक्रसको चिन्ह, दायाँ बायाँ रू. २५०।– तथा Rs. 250 रहनेछ ।

सिक्काको विवरण

| | |
|---|---|
| सिक्काको दर | रू. २५०।– |
| तौल | १८ ग्राम |
| व्यास | ३६ मि. मि |

379

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| धातु | ९२.५ प्रतिशत चाँदी<br>७.५ प्रतिशत अन्य |
| सिरेशन | भएको |
| मिश्रण घटी बढी | ± १ प्रतिशत |
| तौल घटी बढी | ± २०० मि.ग्राम |
| अधिकतम टकमरी | १०,००० थान |

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

372



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।